"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको मान्यता: अनुशासन, इमान्दारी र नैतिकता।"

www.psc.gov.np

लोक सेवा आयोग

# समाचार पत्र

A Trimister Newsletter of
Public Service Commission, Nepal

वर्ष - ५, | अंक - २, | पूर्णाङ्क - १४ | कार्तिक-पौष २०७१



(लोक सेवा आयोगको केन्द्रीय कार्यालयको भवन, अनामनगर, काठमाडौं)

## आयोग र संविधानसभा/व्यवस्थापिका-संसद, राज्य व्यवस्था समितिबीच अन्तरक्रिया

संविधानसभा/व्यवस्थापिका-संसद राज्य व्यवस्था समितिबाट मिति २०७१।९।९ गतेको बैठकमा आयोगको काम कारवाही, भोग्नुपरेको समस्या र समाधानका उपायहरु सहित आगामी दिनमा आयोगले लिने रणनीति र कार्यनीतिका सम्बन्धमा लोक सेवा आयोगका पदाधिकारीसँग छलफल कार्यक्रमका लागि आमन्त्रण गरिएको थियो। उक्त कार्यक्रममा लोक सेवा आयोगको पृष्ठभूमि र विकासक्रम, आयोगको काम, कर्तव्य र अधिकार, संगठनात्मक संरचना र जनशक्ति, अधिकार प्रत्यायोजनको व्यवस्थाहरु, आयोगका कार्य सञ्चालनका आधारहरु, पदपूर्ति प्रक्रिया, आयोगका मौलिक अभ्यासहरु, राज्यले अवलम्बन गरेको समावेशी नीतिअनुसार हालसम्मको पदपूर्तिको अवस्था, आयोगले आफ्नो कार्यक्षेत्रका विषयमा परामर्श प्रदान गर्ने प्रक्रिया, आयोगबाट वार्षिक प्रतिवेदनमा सिफारिश गरिएका सुझावहरुको कार्यान्वयनको अवस्था, आयोगले भोग्नु परेका समस्याहरु र चुनौतीहरु, आर्थिक एवं भौतिक स्रोत साधनको उपलब्धता, संस्थागत क्षमता र विस्तारित कार्यक्षेत्रको बीचमा तालमेल तथा आयोगका सम्भावनाहरु विषयमा आयोगका तर्फबाट प्रस्तुत गरी प्रष्ट पारिएको थियो।

## प्रकाशनमा समाविष्ट विषयवस्तुहरु


- आयोग र संविधानसभा/व्यवस्थापिका-संसद, राज्य व्यवस्था समितिबीच अन्तरक्रिया
- आयोगका महत्वपूर्ण निर्णयहरु
- आर्थिक वर्ष २०७१/७२ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति
- सरुवा/बढुवा
- अवकाश
- समवेदना
- अन्तर्वार्ता
  - » शाखा अधिकृत वा सो सरहको पदमा सिफारिश हुनुभएका उम्मेदवारहरु
    - ♦ नेपाल न्याय सेवा, कानून समूह, खुलातर्फ श्री सृजना रेग्मी
    - ♦ नेपाल प्रशासन सेवा, राजस्व समूह, आदिवासी/जनजातितर्फ श्री मनिष मानन्धर
    - ♦ नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, मधेसीतर्फ श्री संजयकुमार शाह
    - ♦ नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, दलिततर्फ श्री निर्मल परियार
- सूचनामूलक लेख
- सूचनाको हकसम्बन्धी ऐन, नियमावली अनुसारको विवरण
- आयोगको आर्थिक वर्ष २०७१।७२ को वार्षिक कार्यतालिका


सम्पादक मण्डल : लोकहरि पाण्डे (अध्यक्ष), गीता कुमारी होमेगाई (सदस्य), सूर्य प्रसाद सापकोटा (सदस्य-सचिव)

समितिका माननीय सदस्यहरुले सरकारी निकायमा जनशक्ति पूर्तिका लागि एकमात्र निष्पक्ष, भरपर्दो र विश्वसनीय संस्थाको रुपमा आयोग रहेको बताउँदै त्यसको साख जोगाउनु पर्ने, आयोगको कामकारवाहीमा आधुनिक सूचना प्रविधिको प्रयोगलाई बढावा दिनुपर्ने, लोक सेवा आयोगको विज्ञापन, काम कारवाही, गतिविधिका विषयलाई गाउँस्तरसम्म प्रचारप्रसार गर्नुपर्ने, आयोगको कार्यक्षेत्रलाई विस्तार गर्नुपर्ने, आयोगलाई राज्य पुनसंरचनाको क्रममा सोही अनुरुप पुनसंरचना गर्नुपर्ने, आयोगका विषयमा बिचौलियाहरुबाट पुऱ्याइएका भ्रमहरुबाट सजग रही कार्य गर्दै जनविश्वास अझै बढाउँदै लानका लागि सुझावहरु प्रस्तुत गर्नुभएको थियो । उक्त अवसरमा राज्य व्यवस्था समितिका माननीय सदस्यहरुबाट राखिएका जिज्ञासाहरुका सम्बन्धमा आयोगका पदाधिकारी एवं सचिवबाट प्रष्ट पारिएको थियो । सो छलफल पश्चात् समितिबाट देहाय बमोजिमको निर्णय भएको थियो :

१. निजामती सेवालाई आवश्यक पर्ने जनशक्ति पदपूर्ति सम्बन्धी गहन जिम्मेवारी निर्वाह गर्ने कार्यमा संलग्न लोक सेवा आयोगबाट सञ्चालन हुने परीक्षा प्रणाली लगायतका कार्यको लागि आवश्यक अनुमानित बजेटलाई पूर्ण प्राथमिकताका साथ विनियोजन गर्ने, गराउने व्यवस्था मिलाउँदै हरेक परीक्षापूर्व बजेट विनियोजनका लागि सम्बन्धित निकायमा अनुरोध गर्नुपर्ने बाध्यात्मक परिस्थितिको तत्काल अन्त्य गर्ने व्यवस्था गर्न, गराउन नेपाल सरकार मन्त्रिपरिषद्लाई निर्देश गर्ने,

२. निजामती सेवा ऐन र लोक सेवा आयोग ऐन, नियम एवं कार्यविधि अनुरुप नेपाल सरकारका विभिन्न निकायले पदपूर्तिका लागि पठाउनु पर्ने मागको आकृति फाराम समयमा नै लोक सेवा आयोगलाई उपलब्ध नगराउने, गराएको पदमा पनि स्थानान्तरण गरी पदपूर्ति गर्ने गरिएबाट विज्ञापन र पदपूर्तिमा देखिएको असहज वातावरणको अन्त्यका लागि ऐन नियम अनुरुपको कार्य उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउन सम्पूर्ण निकायको ध्यानाकर्षण सहितको निर्देशका लागि सामान्य प्रशासन मन्त्रीलाई निर्देश गर्ने र

३. लोक सेवा आयोगबाट सञ्चालित परीक्षा प्रणालीलाई बदलिँदो परिस्थिति र चुनौतीको सामना गर्न सक्ने गरी मुलुकमा उपलब्ध योग्यमध्येको योग्य र सक्षम व्यक्तिलाई आकर्षित तुल्याउँदै परीक्षामा सहभागी हुने वातावरण निर्माण गर्नुका साथै परम्परागत परीक्षा प्रणालीमा समयानुकूल वैज्ञानिक परीक्षा प्रणाली अवलम्बन गर्न र आयोगबाट सिफारिश भएका पदाधिकारीहरुको नतिजा र पदाधिकारीहरुबाट सम्पादित कार्यको मूल्याङ्कन गरी देखिएका कमी, कमजोरीको अन्त्य गर्ने व्यवस्था मिलाउन लोक सेवा आयोगको ध्यानाकर्षण गर्ने ।

## आयोगका महत्वपूर्ण निर्णयहरु :

- संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत अप्राविधिक तर्फको राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको पदहरुमा उम्मेदवार सिफारिश गर्ने क्रममा तपशिलमा उल्लेख गरिए बमोजिम गर्ने गरी मिति २०७१।७।२० मा आयोगबाट निर्णय भएको ।

  १. उम्मेदवारहरुलाई अन्तर्वार्ता हुनुभन्दा अगाडि विभिन्न सेवा/समूहहरु भित्र उनीहरुको रोजाइको प्राथमिकताक्रम संकलन गर्न फाराम तयार गरी विवरण संकलन गर्ने र उक्त फाराममा "योग्यताक्रमको आधारमा मेरो शैक्षिक योग्यता मिल्ने जुनसुकै सेवा समूहमा सिफारिश गरिएमा मेरो मञ्जुरी छ" भन्ने व्यहोरा समेत दर्शाइ उम्मेदवारलाई दस्तखत गराउने ।

  २. नेपाल न्याय सेवा, परराष्ट्र सेवा र अन्य (प्रशासन र लेखापरीक्षण सेवा) को छुट्टाछुट्टै योग्यताक्रम तयार गरी छुट्टाछुट्टै सिफारिश गर्ने ।

  ३. पहिले जुन सेवा/समूहमा सिफारिश गरिने हो सो सेवा/समूहमा सिफारिश हुने योग्यताक्रममा रहेको उम्मेदवारलाई सोही सेवा/समूह भित्र नै सिफारिश गरी पछिल्ला सेवा/समूहहरुमा समावेश नगर्ने ।

- नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल तथा स्यानिटरी उपसमूह, राजपत्रांकित द्वितीय श्रेणीको पदमा उम्मेदवारले पेश गरेको शैक्षिक योग्यतामा उत्पन्न भएको द्विविधा सम्बन्धमा सिभिल इञ्जिनियरिङ्ग विषयमा स्नातक गरी Master of Science in Construction Management उत्तीर्ण गरेको शैक्षिक योग्यतालाई नेपाल इञ्जिनियरिङ्ग सेवा, जनरल तथा स्यानिटरी उपसमूह, राजपत्रांकित द्वितीय श्रेणीको पदको लागि तोकिएको शैक्षिक योग्यताको रुपमा लिन सकिने गरी मिति २०७१।८।४ मा निर्णय भएको ।

- व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा ५ एवं संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ७७ को प्रावधान बमोजिम राजपत्र अनंकित, द्वितीय श्रेणी खरिदार पदको आन्तरिक प्रतियोगितामा संसद सेवामा कार्यरत कानून बमोजिम योग्यता पुगेको कर्मचारी मात्र सम्भाव्य उम्मेदवार

हुने देखिएकोले संसद सेवामा कार्यरत कर्मचारी बाहेक अन्य सेवामा कार्यरत कर्मचारीको दरखास्त एवं परीक्षा समेत रद्द गरी निजहरुले बुझाएको दस्तुर वापतको रकम निजहरुलाई फिर्ता दिने र सोही बमोजिम पदपूर्तिका प्रक्रिया अगाडि बढाउन निर्देशन दिने गरी आयोगबाट मिति २०७१।८।४ मा निर्णय भएको ।

- नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्रांकित द्वितीय श्रेणीको पदमा उम्मेदवारले पेश गरेको शैक्षिक योग्यतामा उत्पन्न द्विविधा सम्बन्धमा उम्मेदवारले पेश गरेको सिक्किम मणिपाल विश्वविद्यालयबाट Master of Science (M.Sc.) in Ecology and Environment शैक्षिक योग्यतामा अध्ययन गरिएको कोर्ष कन्टेन्ट हेर्दा फरेष्ट्री विषयमा अध्ययन गरिने core विषयवस्तु नरहेको देखिएकोले उक्त योग्यतालाई जनरल फरेष्ट्री, राजपत्रांकित द्वितीय श्रेणीको पदको लागि तोकिएको शैक्षिक योग्यताको रुपमा लिन नसकिने भनी आयोगबाट मिति २०७१।८।१८ मा निर्णय भएको ।

- न्याय सेवाको राजपत्र अनंकित प्रथम श्रेणीको शैक्षिक योग्यता सम्बन्धी केन्द्रीय न्याय क्षेत्र समितिले पठाएको पत्रको विषयमा न्याय सेवा भित्रको राजपत्र अनंकित तहमा सेवा प्रवेश गर्नका लागि कानून विषयको स्नातक भन्दा तलको अध्ययन, अध्यापन हटिसकेको कारण उक्त विषय अध्ययन गरेका जनशक्ति बजारमा उपलब्ध नभएको कारण न्याय प्रशासनको क्षेत्रमा देखिएको जनशक्ति अभावको समस्यालाई अल्पकालीन एवं दीर्घकालीन रुपमा समाधान गर्न सेवा समूह सञ्चालन गर्ने मन्त्रालयलाई विशेष रुपमा पहल गर्न ध्यानाकर्षण गराउने गरी आयोगबाट मिति २०७१।८।४ मा निर्णय भएको ।

- नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह, राजपत्रांकित प्रथम र जनरल उपसमूह, राजपत्रांकित द्वितीय श्रेणीको पदमा उम्मेदवारले पेश गरेको शैक्षिक योग्यतामा उत्पन्न भएको द्विविधा सम्बन्धमा उम्मेदवारले पेश गरेको Wageningen University, Netherlands बाट M.SC. in Urban Environment Management शैक्षिक योग्यतालाई इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूहको राजपत्रांकित प्रथम श्रेणीको लागि तोकिएको योग्यताको रुपमा लिन नसकिने तर इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहको राजपत्रांकित द्वितीय/प्रथम श्रेणीको लागि तोकिएको न्यूनतम योग्यताको रुपमा लिन सकिने गरी मिति २०७१।८।१८ मा निर्णय भएको ।

- निजामती सेवाको राजपत्रांकित तृतीय श्रेणी अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा) पदहरुको संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा खुला प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणको चतुर्थ पत्रमा १७ वटा ऐच्छिक विषय भएकोमा आर्थिक वर्ष २०७१।७२ को विज्ञापनदेखि रसायनशास्त्र (Chemistry) विषय थप गर्ने र अन्तिम चरणको सूचना प्रविधि सीप परीक्षण १५ पूर्णाङ्कको लिने गरिएकोमा आर्थिक वर्ष २०७१।७२ को विज्ञापन देखि १० पूर्णाङ्क कायम गरी परीक्षा लिने व्यवस्था गर्ने गरी मिति २०७१।८।२२ मा निर्णय भएको ।

- नेपाल विविध सेवा, राजपत्रांकित द्वितीय श्रेणी, प्रमुख महिला विकास अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता सम्बन्धमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको र निजामती सेवा ऐनको दफा ७ को उपदफा १६ बमोजिम अनुभव प्राप्त भएको हुनपर्ने भनी आयोगको मिति ०७१।९।२१ को निर्णयानुसार सम्बन्धित मन्त्रालयलाई परामर्श पठाइएको ।

## स्वदेश तथा विदेश भ्रमण

- लोक सेवा आयोगका माननीय अध्यक्ष डा. कयोदेवी यमीबाट मिति २०७१।८।१९ देखि ऐः २० गतेसम्म गोरखा जिल्ला स्थित कार्यालयहरुको निरीक्षण भ्रमण ।
- The Eastern Regional Organization for Public Administration (EROPA) को ६० औं Executive Council Meeting and Conference on "Public Administration and Goverance in the context of Regional and Global Integration" विषयक बैठकमा भाग लिन आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालबाट मिति २०७१।७।२ देखि ऐः ७ गतेसम्म भियतनाम भ्रमण ।
- आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालबाट मिति २०७१।७।१५ देखि ऐः १७ गतेसम्म पोखरामा सञ्चालित प्रहरी सहायक निरीक्षक पदको लिखित परीक्षा कार्यक्रम को स्थलगत अवलोकन तथा आयोगको पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखराको निरीक्षण भ्रमण ।
- आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालबाट मिति २०७१।९।२३ र २४ गते पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा र धवलागिरी अञ्चल कार्यालय, बाग्लुङको निरीक्षण भ्रमण ।

## आर्थिक वर्ष २०७१/७२ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७१ कार्तिक देखि पौष मसान्तसम्म)

**१. विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा, अन्तर्वाता एवं सिफारिश सम्बन्धी विवरण**

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम / स्वास्थ्य सेवातर्फ एघारौं तह | ५१ | ११८ | ११३६ | ५०७ | १०० | ११५७ | १२५७ | १७ | ५४ | ७१ | - | - | - |
| राजपत्रांकित द्वितीय / स्वास्थ्य सेवातर्फ नवौं तह | १७८ | २६८ | २४८१ | ९२६ | ४३२ | २१७९ | २६११ | ० | ३ | ३ | - | १ | १ |
| राजपत्रांकित तृतीय/ स्वास्थ्य सेवातर्फ छैठौं, सातौ र आठौं तह | ६४२ | ६९० | १९६४३ | २४६४० | | | | २३ | २२ | ४५ | ५७ | १८९ | २४६ |
| राजपत्र अनंकित प्रथम/ स्वास्थ्य सेवातर्फ पाचौं तह | ११६१ | | | | | | | ३४४ | १२७८ | १६२२ | १२९ | ५३० | ६५९ |
| राजपत्र अनंकित द्वितीय/ स्वास्थ्य सेवातर्फ चौथो तह | | | | | | | | १२७५ | ३९१४ | ५१८९ | ६३४ | ५८३ | १२१७ |
| **जम्मा** | २०३२ | १०७६ | २३२६० | २६०७३ | ५३२ | ३३३६ | ३८६८ | १६५९ | ५२७१ | ६९३० | ८२० | १३०३ | २१२३ |

**२. परामर्श सम्बन्धी विवरण**

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| रा.प.प्रथम | २ |
| रा.प.द्वितीय | ९ |
| रा.प.तृतीय | २२ |
| रा.प.अनं.प्रथम | ९ |
| रा.प.अनं.द्वितीय | ४ |
| श्रेणी विहीन | ४ |
| जम्मा | ५० |

**३. कुल बजेट खर्च रकम**

| क्र.सं. | खर्च शीर्षक | रकम (रु. मा) |
|---|---|---|
| १ | चालु खर्च | ४६०२२०७९ |
| २ | पूँजीगत खर्च | १३७१९४७ |
| | **जम्मा** | ४७३९४०२६ |

## सरुवा/पदस्थापना

**अन्य निकायबाट आयोग/आयोग अन्तर्गत सरुवा तथा पदस्थापना**

| सि.नं. | पद | कर्मचारीको नाम, थर | सरुवा/बढुवा/पदस्थापन गर्ने निकाय | पदस्थापना गरिएको निकाय | निर्णय मिति | सरुवा/बढुवाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | नायव सुब्बा | श्री रामहरि शर्मा | सामान्य प्रशासन मन्त्रालय | काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर | २०७१।८।१७ | सरुवा |
| २ | नायव सुब्बा | श्री होमप्रसाद भट्टराई | लोक सेवा आयोग | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।८।२२ | बढुवा/पदस्थापन |
| ३ | नायव सुब्बा | श्री रश्मी सिंह | लोक सेवा आयोग | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी | २०७१।८।२२ | बढुवा/पदस्थापन |
| ४ | नायव सुब्बा | श्री दशरथ बुढा | सामान्य प्रशासन मन्त्रालय | कर्णाली अञ्चल कार्यालय, जुम्ला | २०७१।९।२८ | सरुवा |

## आयोग अन्तर्गत सरुवा

| सि.नं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा गरिएको निकाय | निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री राममणि काफ्ले | सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | २०७१।९।२५ |
| २ | शाखा अधिकृत | श्री शुशिला पौडेल (ढकाल) | केन्द्रीय कार्यालय, अनामनगर | सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | २०७१।९।२५ |

## कर्मचारीहरुको पदस्थापना

लोक सेवा आयोग, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरीको सिफारिस बमोजिम आयोगको मिति २०७१।८।१७ को निर्णयानुसार देहायका कर्मचारीहरुलाई नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह राजपत्र अनंकित प्रथम श्रेणीको नायव सुब्बा पदमा स्थायी नियुक्ति गरी आयोगको केन्द्रीय कार्यालयमा पदस्थापन गरिएको ।

१. श्री सुनिता भट्टराई, आङ्गदिम-९, तेह्रथुम ।

२. श्री सुरज अर्याल, खड्ग भञ्ज्याङ्ग-४, नुवाकोट ।

## आयोगबाट अन्यत्र निकायमा काज/सरुवा भई जानुभएका कर्मचारीहरुको विवरण

| सि.नं. | पद | कर्मचारीको नाम, थर | सरुवा भएको निकाय | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | श्री सुरेश प्रसाद जैसी | सामान्य प्रशासन मन्त्रालय | २०७१।८।१७ | माथिल्लो पदमा नियुक्ति |
| २ | नायब सुब्बा | श्री हरिप्रसाद पन्थी | डिभिजन सडक कार्यालय, बुटवल | २०७१।८।१ | सरुवा पदस्थापन |

## अवकाश

- आयोगका मुख्य मनोविज्ञानवेत्ता (राजपत्रांकित प्रथम श्रेणी) श्री अशोक कुमार झा उमेर हदका कारण मिति २०७१।९।२ देखि अनिवार्य अवकाश ।
- आयोग अन्तर्गत काठमाडौ उपत्यका दरखास्त संकलन केन्द्रका शाखा अधिकृत श्री माणिकराम बुढाथोकी उमेर हदका कारण मिति २०७१।९।१० देखि अनिवार्य अवकाश ।
- आयोगका नायब सुब्बा श्री श्यामप्रसाद बराल उमेर हदका कारण मिति २०७१।९।२१ देखि अनिवार्य अवकाश ।
- आयागको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय कमलपोखरीका उपसचिव (राजपत्रांकित द्वितीय श्रेणी) श्री गोविन्दप्रसाद पुडासैनी उमेर हदका कारण मिति २०७१।९।२२ देखि अनिवार्य अवकाश ।

## समवेदना

- आयोगका शाखा अधिकृत तथा यस समाचारपत्रका सम्पादक मण्डलका सदस्य-सचिव श्री सूर्य प्रसाद सापकोटाकी माता लिलावती सापकोटाको मिति २०७१/७/३ मा भएको निधनप्रति ।
- कम्प्युटर अपरेटर श्री कुमार जोशीका पिता गोपालदास जोशीको मिति २०७१/७/५ मा भएको असामयिक निधन प्रति ।
- आयोगका नायब सुब्बा श्री मधु कुमारी सिजापतिका पति दिपक गम्भिर सिंह रायमाझीको मिति मिति २०७१।९।१२ मा भएको असामयिक निधनप्रति ।
- आयोगका शाखा अधिकृत श्री उमेशकुमार पोखरेलका पिता यादवप्रसाद पोखरेलको मिति २०७१।९।२०मा भएको असामयिक निधनप्रति ।

## अन्तर्वार्ताः

**आयोगको विज्ञापन नं २९८३-२९८९/०७०-७१ शाखा अधिकृत वा सो सरहको पदको प्रतिस्पर्धात्मक परीक्षामा प्रथम भई नेपाल न्याय सेवा, कानून समूहको खुला तर्फ सिफारिश हुनुभएका उम्मेदवार श्री सृजना रेग्मी, नेपाल प्रशासन सेवा, राजस्व समूहको आदिवासी/जनजातितर्फ सिफारिश हुनभएका उम्मेदवार श्री मनिष मानन्धर, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, मधेसीतर्फ सिफारिश हुनभएका उम्मेदवार श्री संजयकुमार शाह तथा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, दलिततर्फ सिफारिश हुनभएका उम्मेदवार श्री निर्मल परियारसँग परीक्षा लगायत सम्बद्ध विषयमा लिइएको अन्तर्वार्ताः**


श्री सृजना रेग्मी


श्री मनिष मानन्धर


श्री संजयकुमार शाह


श्री निर्मल परियार

**१. लोक सेवा आयोगले संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको पदका लागि तय गरेको पाठ्यक्रम के कस्तो रहेको छ? यसका सबल पक्षहरु एवं सुधार गर्नुपर्ने पक्षहरु केही भएमा सुझाव दिनुहोस् ।**

**सृजना रेग्मी** ☞ लोक सेवा आयोगले यसभन्दा अगाडि तय गरेका पठ्यक्रमसँग म त्यति परिचित थिईन, त्यसैले अघिल्ला पाठयक्रम र अहिलेको पाठयक्रमका बीचमा तुलना गरेर आफ्नो धारणा राख्न सक्तिन । संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार तय गरिएको पाठ्यक्रममा सबै सेवा समूहका लागि केही विषय अनिवार्य गरिएकोबाट राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृतको पदका लागि परीक्षा दिने सम्पूर्ण परीक्षार्थीहरुले जान्नु पर्ने साझा विषयको पहिचान भएको छ । यसबाट निजामती सेवाभित्र यो सेवा वा समूहका परीक्षार्थीहरुले प्रशासनका कोर विषयमा जानकारी राख्न नपर्ने परिस्थितिको अन्त्य भएको छ । यसबाट अधिकृत स्तरमा लोकसेवा पास गर्ने सबै परीक्षार्थीको एउटै स्तर कायम गर्न मद्दत पुगेको छ जस्तो लाग्दछ । अहिलेको पाठ्यक्रममा सैद्धान्तिक र व्यवहारिक ज्ञानको सन्तुलन गर्न खोजिएको छ, जुन महत्वपूर्ण कुरा हो । सैद्धान्तिक ज्ञानको अभाव रहेको कोरा व्यवहारिक ज्ञानबाट निजामती प्रशासन चुस्त रहन नसक्ने यथार्थतालाई प्रस्तुत पाठ्यक्रमले सम्बोधन गरेको छ ।

यति हुँदा हुँदै पनि हाम्रो मुलुकको भौगोलिक विकटता एवम् विद्यालयस्तरमा र सोभन्दा माथिका स्तरमा हुने अंग्रेजी भाषाको पढाईको गुणस्तरलाई दृष्टिगत गर्दा पहिलो पत्रमा समावेश गरिएको बौद्धिक परीक्षण (IQ Test) का प्रश्न अंग्रेजीमा मात्र निर्माण गरिएकोबाट साधारण विद्यालयमा अध्ययन गरेका परीक्षार्थीहरुका लागि समानता भएन जस्तो लाग्छ । यसमा पनि ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

**मनिष मानन्धर** ☞ वर्तमान परिवेश अनुसार लोकसेवाको पाठ्यक्रम एकदमै सान्दर्भिक छ । यसका सवल पक्ष भनेकै पाठ्यक्रमले सबै प्रकारका ज्ञानका क्षेत्रहरू एवं विषयहरू समेट्न सकेको छ । परीक्षाका विभिन्न स्वरुपहरू समय सान्दर्भिक छन् । अहिलेको एकीकृत पाठ्यक्रममा सुधार गर्नु पर्छ जस्तो मलाई लाग्दैन, तर केही विषयको परीक्षा पद्धतिमा सुधार गर्नुपर्छ । जस्तो, चौथो पेपर (ऐच्छिक विषय) का कारणले केही मेधावी विद्यार्थीहरूलाई समेत असर पारेको छ । भिन्नभिन्न विषय भएकोले परक्षिामा सोधिने प्रश्नहरु समानस्तरका नभएका कारणले प्रतिस्पर्धा असमान हुन जाने, योग्यताक्रम मै तलमाथि हुने हुन्छ । सूचना प्रविधि सीप परीक्षणमा परीक्षाको समय फरक हुने हुँदा सबै प्रतिस्पर्धीहरूलाई एउटै प्रश्नहरू सोधिदैंनन् । सूचना प्रविधि सीप परीक्षणका कारण धेरै प्रतिस्पर्धीहरूको परिणाम र योग्यताक्रममा धेरै असर परेको अवस्था छ । समान प्रतिस्पर्धाको लागि चौथो पेपरको सबै विषयका प्रश्नपत्रमा प्रश्नको कठिनाईको स्तर समान बनाउन सके राम्रो हुन्छ । सूचना प्रविधि सीप परीक्षण समेत एकै समयमा सबै परीक्षार्थीहरूलाई एकै प्रश्नपत्रमा परीक्षा लिने पद्दति अपनाउन सकिन्छ । यसबाट कसैलाई कठिन, कसैलाई सजिलो प्रश्न रहने अवस्था हुँदैन । यसका लागि प्राविधिक रुपमा आयोगलाई सक्षम बनाइनुपर्छ ।

**सञ्जयकुमार साह** ☞ पाठ्यक्रमलाई सरसर्ती हेर्दा यसले समेटेका विषयवस्तु बृहत छन् । यसले सामान्य सचेतना, Aptitude test, अँग्रेजी भाषा सम्बन्धि ज्ञान, शासन प्रणाली, समसामयिक विषय, ऐच्छिक विषय, सूचना प्रविधि सीप परीक्षण लगायतका विषय समेटेको छ । समेटेका विषयवस्तुले घोकेर लोक सेवा आयोगको परीक्षा उतीर्ण गर्न भन्दा पनि comprehensive knowledge भएका व्यक्तिले उतीर्ण गर्न सक्ने भएकोले नेपाल सरकारलाई आवश्यक पर्ने दक्ष, सक्षम, प्रतिस्पर्धी मानव श्रोत छनौटका लागि यो पाठ्यक्रम प्रभावकारी रहेको छ । यस पाठ्यक्रमका सबल पक्षहरु यस प्रकार रहेका छन् :

- पाठ्यक्रमले समावेश गरेका ऐच्छिक विषयले गर्दा विश्वविद्यालयका उत्कृष्ट उम्मेदवारलाई निजामती सेवामा आकर्षित गरेको छ ।
- सूचना प्रविधि सीप परीक्षण मार्फत बदलिँदो परिवेशमा निजामती सेवालाई आवश्यक पर्ने सूचना प्रविधिमैत्री उम्मेदवार छनौट गर्न सहयोग गरेको छ ।
- पाठ्यक्रमले Aptitude test, समसामयिक विषय अर्न्तगत सामाजिक, आर्थिक, विकास तथा वातावरणसंग सम्बद्ध मामिलाहरु लगायत अँग्रेजी भाषाको ज्ञान समेत भएको विकास प्रशासन संचालन गर्न सक्ने प्रतिस्पर्धी उम्मेदवार छनौट गर्न सहयोग गरेको छ ।

**<u>यस पाठ्यक्रमका सुधार गर्नुपर्ने पक्षहरु निम्नानुसार रहेका छन् :</u>**

- चौथो पत्रको रुपमा समावेश गरिएको ऐच्छिक विषयमा अन्य थप विषयहरु समावेश गरिनु पर्छ ।
- ऐच्छिक विषयको रुपमा समावेश गरिएका कतिपय विषयको पाठ्यक्रममा विभिन्न विधाको रुपमा अध्ययन अध्यापन गरिने विषयवस्तु एउटै विषयमा राखेको हुनाले सम्बन्धित विषय अध्ययन गरेका उम्मेदवारका लागि अनुपयुक्त हुने गरेको छ । तसर्थ ऐच्छिक विषयको पाठ्यक्रम पुनरावलोकन गर्नु जरुरी देखिन्छ ।

**निर्मल परियार** ☞ लोक सेवा आयोग द्वारा लिइने संयुक्त तथा

एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको पदमा लिने परीक्षा समग्ररुपमा हेर्दा अहिलेको प्रणाली वैज्ञानिक एवं विशिष्ट देखिन्छ । यसमा समाविष्ट गरिएका पाठ्यवस्तुहरु विगतको पाठ्यक्रममा भन्दा विशिष्टीकृत रुपमा रहेको जस्तो मलाई लाग्दछ । उम्मेदवारको खाली सामान्य ज्ञान मात्र नभएर उसको बौद्धिक तिक्ष्णता, प्रविधिगत ज्ञान, सामुहिक नेतृत्वको क्षमता, निर्णय क्षमताका लागि प्रत्युत्पन्नमति साथसाथै विश्व परिवेशका नवीनतम आयामहरु बारे ज्ञान एवं जानकारीको मापन गर्न हालको पाठ्यक्रम उपयोगी सिद्ध छ । यसका साथसाथै यस पाठ्यक्रममा समयानुसार परिवर्तित गर्दै लैजानुपर्दछ ।

### २. यो पदमा प्रवेश गर्नुपूर्वको कुनै सेवाको अनुभव छ कि ? निजामती सेवामा प्रवेश गर्न तपाईँलाई के कस्ता विषयले आकर्षण गर्‍यो ?

**सृजना रेग्मी** ☞ सो पदमा प्रवेश गर्नु पूर्वको त्यति लामो अनुभव त छैन । LLB सकेपछि केही समयको लागि Swiss Arbitration Firm मा Intership गरें । त्यसपछि नेपालका Private Law Firm हरुमा काम गरें । Hotel Management का Under graduate विद्यार्थीहरुलाई एक सेमेस्टर Hospitality Law पढाउने अवसर पनि पाएको थिएँ ।

वास्तवमा निजामती सेवामा प्रवेश गर्ने मेरो विचार थिएन । निजामती प्रशासनमा भ्रष्टाचार व्याप्त छ, नातावाद र कृपावादको वाहुल्यता छ, काम चोर्ने र चाकडीबाट राम्रा अवसर प्राप्त गर्नेहरुको संख्या उल्लेख्य छ, पारिश्रमिक र सुविधा कम छ भन्ने जस्ता कुराहरु सुन्दा त्यस्तो सेवामा प्रवेश नगर्दा नै राम्रो होला भनेर लोकसेवाको परीक्षा दिने मनस्थिति बनाएकी थिइन ।

माथि उल्लेख गरे जस्तो निजामती प्रशासनका केही नकारात्मक कुरा सुनेको भएपनि त्यहाँभित्रका राम्रा पक्षलाई पनि दृष्टिगत गर्दै आफैं निजामती प्रशासन भित्र प्रवेश नगरी सबै कुरा थाहा हुँदैन । आफैं त्यो ठाउँमा नगएसम्म सतही हिसाबले सुधार हुन सक्ने पनि होइन । कति कुरा बढाई चढाई पनि गरिएका होलान् भनी सेवा प्रवेश गर्ने मनसायले परीक्षा दिएकी हुँ । अब निजामती प्रशासनमा रहेका कमीकमजोरी हटाउँदै त्यसलाई उन्मुलन गर्नेतर्फ अग्रसर हुनु पर्दछ । र त्यसका लागि निजामती सेवा बाहिरबाट भन्दा सेवा भित्रैबाट प्रभावकारी कदम चाल्न सकिएला भन्ने इरादाले मलाई निजामती सेवातर्फ आर्कषण पलाएको हो ।

**मनिष मानन्धर** ☞ निजामती सेवामा प्रवेश गर्नुभन्दा पहिला म शिक्षण गर्थें । २०५४ देखि मैले शिक्षण गरेको हुँ । यो अवधिमा मैले धेरै विद्यार्थीहरूलाई पढाएँ । मैले पढाएको विद्यार्थीद्वयले २०६१ सालमा एस.एल.सी. बोर्ड प्रथम र बोर्ड तृतीय पनि ल्याए । काभ्रे जिल्लाको चर्चित निजी विद्यालय “काभ्रे इङ्गलिश उच्च माध्यमिक विद्यालय” पनौतीमा स्वयंसेवक शिक्षकदेखि प्राचार्य पदसम्मको जिम्मेवारी सम्हाल्ने मौका पाएँ । निजामती सेवामा प्रवेश गर्न मेरो शिक्षण अनुभवले धेरै सघाएको छ । निजामती सेवामा प्रवेश गर्न आकर्षण तत्वका रूपमा सेवामा दीगोपना, सुनिश्चित भविष्य, आत्मसम्मान, इज्जत, प्रतिष्ठा एवं राष्ट्रसेवा गर्ने अवसर आदि रहेका छन् ।

**सञ्जयकुमार साह** ☞ यो पदमा प्रवेश गर्नुभन्दा पहिले म नेपाल स्वास्थ्य सेवाको हेल्थ असिस्टेन्ट पदमा करिब १२ वर्षदेखि सेवारत थिए । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ मा रहेको प्रावधानले शैक्षिक योग्यता भएपनि वृति विकासको अवसर प्राप्त भएन । तुलनात्मक रुपमा स्वास्थ्य सेवामा भन्दा नेपाल निजामती सेवामा Career opportunity राम्रो भएको तथा नीति निर्माण तहमा पुग्न सकिने भएकोले नै निजामती सेवा मेरो मुख्य आकर्षण हो ।

**निर्मल परियार** ☞ निजामती सेवामा प्रवेश गर्नुपूर्व मैले लगभग ५ वर्ष जति एस. ओ. एस हर्मन माइनर उच्च माध्यमिक विद्यालय, गण्डकीमा अध्यापन गराउँथे । निजामती सेवामा प्रवेश गर्नका लागि विशेषगरी मलाई यो क्षेत्रको व्यापकता, प्रशासनिक संयन्त्रबारेको रुचिले नै आकर्षित गरेको हो । नेपाली समाजसँग प्रत्यक्ष संग्लनता, राज्यको जनतासँग सम्बन्ध सेतु निर्माणको सम्भावना, आफ्नो व्यक्तित्व विकासको अवसर जस्ता कुराहरुले नै मलाई यो क्षेत्रमा प्रवेश गर्न आकर्षण गरेको हो । साथसाथै आफ्नो पढाइको व्यावहारिक प्रयोग, देश निर्माणमा आफ्नो संलग्नताका लागि पनि यो क्षेत्र एउटा माध्यम बन्न सक्छ भनि यो क्षेत्रमा प्रवेश गरेको हुँ । अर्कोतर्फ यो सेवा समाजमा प्रतिष्ठित, स्थायित्व र वृत्तिविकासको अवसरले गर्दा पनि सेवा प्रवेशतर्फ आकर्षित भएको हुँ ।

### ३. लोक सेवा आयोगले उपयुक्त उम्मेदवार छनौट गर्न अवलम्बन गरेका पद्धतिहरुमा तपाईं के कति विश्वस्त हुनुहुन्छ ? त्यसमा केही सुधार गर्नुपर्ने महसुस गर्नु भएको भए बताइदिनुहोस् ।

**सृजना रेग्मी** ☞ मुलुकका हरेक निकायमा स्वच्छतामा गम्भीर प्रश्न उठि रहेको अवस्थामा पनि लोक सेवा आयोग मात्र यस्तो निकाय रहयो जसमा पद्धतिले काम गर्दछ भन्ने विषयमा जनविश्वासले निरन्तरता पायो । लोकसेवा आयोगमा विकास गरिएका पद्धति विश्वसनिय छन् । लिखित परीक्षामा राखिने कोड र डिकोडका कारण पनि एकाध पदाधिकारी वा कर्मचारीले गडवड गर्ने चाहना राख्दैमा लोकसेवा आयोगमा गडबड हुने अवस्था हुँदैन जस्तो मलाई लाग्छ । यदाकदा देखिने विकृति हटाउन लोकसेवा आयोग

सँधै लागि परेको जस्तो भान हुन्छ ।

**मनिष मानन्धर** ☞ मेरो नजरमा आयोगको उम्मेदवार छनौट प्रक्रिया एकदम विश्वासिलो छ । असफल हुने वा परिणाममा असन्तोष हुने साथीहरूले विश्वास नगर्नु स्वभाविकै हो । सबै उम्मेदवारहरूको प्रत्येक तहको हरेक विषयको प्राप्ताङ्क पनि सार्वजनिक गर्ने प्रणाली शुरु गर्न सके आयोगको कामकारबाहीमा अझ विश्वसनीयता र पारदर्शिता ल्याउन सकिन्छ ।

**सञ्जयकुमार साह** ☞ लिखित परीक्षा, सूचना प्रविधि सीप परीक्षण, सामूहिक परीक्षण र व्यक्तिगत अन्तर्वार्ता गरी तीन चरणमा प्रतिस्पर्धा मार्फत् उपयुक्त उम्मेदवार छनौट गर्ने भएकोले लोक सेवा आयोगले अवलम्बन गरेका पद्धतिहरुमा पूर्ण रुपमा विश्वस्त छु । यसै सन्दर्भमा तेश्रो चरणको परीक्षा अन्तर्गत संचालन गरिने सूचना प्रविधि सीप परीक्षण संचालन गर्न लामो समय लगाइनाले सबै प्रतिस्पर्धीको लागि एकरुपता हुनमा कठिनाई उत्पन्न गरेको छ । त्यसैले श्रोत व्यवस्थापन गरी उक्त परीक्षण एकै दिन संचालन गर्न सके अझ राम्रो हुनेछ ।

**निर्मल परियार** ☞ एउटा उम्मेदवार निजामती सेवामा प्रवेश गर्नुपूर्व हरेक चरण पार गर्नुपर्ने हुन्छ । उसले लिखित परीक्षा देखि अन्तर्वाता सम्म आफ्नो क्षमता प्रदर्शन गर्छ । उसको हरेक पक्षको सम्बन्धित विज्ञबाट मूल्याङ्कन हुँदै जान्छ । एउटा सक्षम व्यक्तिले ती चरण पार गरेपछि मात्र ऊ निजामती सेवाका लागि योग्य हुन्छ । यी सबै चरणहरुमा लोक सेवा आयोगको निष्पक्षता छ भनेर जो कोही पनि स्पष्ट हुन सक्छ । लोक सेवा आयोगको यो साखलाई जोगाइराख्नु भविष्यको लागि चुनौती हो ।

### ४. निजामती सेवामा अवलम्बन गरिएको समावेशी नीतिको सन्दर्भमा यहाँको धारणा कस्तो रहेको छ ?

**सृजना रेग्मी** ☞ हाम्रो जस्तो मुलुकमा समावेशी नीति लागू गर्नु राम्रो कुरा हो । कुन कुन क्षेत्रमा के कसरी कस्तो समावेशी नीति अवलम्बन गर्दा लक्षित वर्गमा त्यस्तो नीतिको प्रभाव पुग्न सक्तछ भन्ने कुरामा त्यति गहन अध्ययन र अनुसन्धान भए जस्तो मलाई लागेन । निजामती लगायतका केही सेवामा समावेशिताको नाममा गुणस्तरमा (Quality) मा नै compromise हुने अवस्था आउन दिनु हुँदैन । अहिले समावेशिताबाट निजामती सेवामा प्रवेश पाएकाहरुको Quality मा प्रश्न चिन्ह लगाइएको कुरा सुन्नमा आएको छ । यो एउटा पक्ष हो । अर्कोतिर सामाजिक र आर्थिक रुपले पिछडिएकाले पाउनु पर्ने आरक्षण उक्त वर्ग वा समुदायका संभ्रान्त वर्गले उपयोग गरेका छन् भन्ने कुरा टड्कारो रुपमा उठेको छ । सामाजिक आर्थिक अवस्था निर्धारणका लागि सूचक (Indicator) बनाइनु पर्थ्यो, यो गरिएन । दुर्गम क्षेत्रका लागि छुट्याइएको समावेशी कोटा दुर्गम क्षेत्रबाट सुगम क्षेत्रमा बसाई सरिसकेका र त्यो क्षेत्रका हुने खानेहरुका लागि प्राप्त भएको छ । दुर्गम क्षेत्रमा बसोबास गर्ने साँच्चैका दुर्गमवासीका लागि यो सुविधा प्राप्त भएको छैन । उनीहरुको त्यसका लागि योग्यता नै पुगेको छैन । उनीहरुका लागि उपयुक्त अवसर प्रदान गरी समावेशी नीति अन्तर्गतको सुविधा उपयोग गर्न सक्ने स्थितिमा पुऱ्याउनु पर्दछ । त्यसतर्फ ध्यान गएको पाइएन । निजामती सेवामा समावेशी नीतिको पुनरावलोकन गर्नुपर्ने समय आए जस्तो लाग्दछ । अब त्यसमा राम्रोसँग अध्ययन गरी पुनरावलोकन गर्नु पर्दछ । समावेशी व्यवस्था एकपटक प्रवेश विन्दुमा मात्र कायम गरिनु पर्दछ । बढुवाका लागि पनि समावेशीको आधार (लक्षित वर्ग १ वर्ष अघि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनसक्ने) बनाईएकाले असमानताको स्थिति आउन सक्दछ । परीक्षण कालको अवधि नै (महिला र पुरुषका लागि) फरक गरिँदा कसैलाई छोटो अवधिमा (छ महिनामा) परीक्षण गर्न सकिने र अरु कसैका लागि १ वर्ष लाग्ने भन्ने गलत सन्देश प्रवाह हुन जान्छ । सिद्धान्ततः सेवा प्रवेशमा एक पटक पाउने गरी समावेशी नीति लागू गर्नु प्रभावकारी हुन्छ । सेवामा प्रवेश भइसकेपछि सबैलाई समान व्यवहार हुनु पर्दछ । सेवाको माथिल्लो तहसम्म समावेशी कै आधारमा पुऱ्याउन खोज्नु भनेको समावेशिताबाट प्रवेश पाएकाहरुका लागि सधै कमजोर मानसिकतामा राखी हिनतावोधको स्थिति सिर्जना गराउनु हो जस्तो लाग्छ ।

**मनिष मानन्धर** ☞ -निजामती सेवामा अवलम्बन गरिएको समावेशी नीति समय सान्दर्भिक र व्यवहारिक छ । जसले गर्दा राज्यको विभिन्न तहमा प्रत्येक जातजाति, भाषाभाषी, लैङ्गिक, आर्थिक, भौगोलिक प्रतिनिधित्व सम्भव हुन्छ । तर यो नीतिको कार्यान्वयन पक्षलाई लिएर समाबेशी नीतिको खारेज गर्नुपर्ने गुनासो पनि सुन्न पाइन्छ । अहिलेको सन्दर्भमा यो नीति खारेज गर्नु भन्दा पनि पुनरावलोकन भने गर्नु आवश्यक देखिन्छ ।

**सञ्जयकुमार साह** ☞ नेपाल विविधताले भरिपूर्ण देश हो । नेपालको सामाजिक र सांस्कृतिक विविधतालाई सम्बोधन गर्दै निजामती सेवामा अपनत्व सृजना गर्न समावेशी नीति आवश्यक रहेको छ । निजामती सेवामा अवलम्बन गरिएको समावेशी नीतिले पछाडि परेका तथा पारिएका सबै नेपालीलाई निजामती सेवामा प्रवेश गर्ने मौका प्रदान गरेको छ । अवलम्बन गरिएका समावेशी नीतिकै कारण महिला, आदिवासी जनजाती, मधेसी, दलित र पिछडिएको क्षेत्रको नेपाली निजामती सेवामा आकर्षित भएका छन् । हाल अपनाइएका समावेशी नीति जातजाति विशेष भएकोले वास्तविक पाउनुपर्ने नेपालीले पाउन नसकेको भनि आलोचना समेत हुने गरेको छ । समावेशी नीतिको

पुनरावलोकन मार्फत वास्तविक पछाडि परेका वर्गलाई प्रदान गर्न जरुरी छ । समावेशीलाई फलदायी बनाउनको लागि आवश्यक आरक्षणको साथै सशक्तिकरणमा समेत जोड दिन आवश्यक छ । यसै सन्दर्भमा महिलाको लागि गरिएको आरक्षणलाई पुनरावलोकन गरी प्रत्येक आरक्षित समूहमा महिलाको आरक्षण गरि सबै वर्गका महिलालाई निजामती सेवामा प्रवेशको मौका प्रदान गर्न सके राम्रो हुने थियो ।

**निर्मल परियार** ☞ निजामती सेवा भनेको राज्यको मेरुदण्ड हो । यस सेवामा हरेक पक्षको संलग्नता आवश्यक छ । हजारौ वर्ष देखि पछाडि रहेका वर्ग जनजाती, मधेसी, दलित, अपाङ्ग, पिछडिएकाहरुलाई राज्यले मुलप्रवाहीकरणमा समाहित गर्नका लागि यो नीति अवलम्वन गरिएको हो । यो नीति मार्फत भएपनि राज्यका अल्पसंख्यकहरुको राज्य संयन्त्रमा विस्तारै पहुँच बढेको छ । यो नीति मार्फत नेपालको निजामती सेवामा विविधता आएको छ । आजको दिनमा समृद्धिका लागि समावेशीता अवधारणा एक सेतुका रुपमा आएको छ । राज्यको समग्र विकासका लागि यस्तो नीतिहरु निश्चित समयका लागि अवलम्वन गरिनुपर्दछ भन्ने मेरो बुझाई हो । विश्वका विभिन्न देशहरुले यसप्रकारका नीतिहरु अवलम्वन गरि समृद्धि तर्फ गईरहेको पनि देखिन्छ । नेपालमा समावेशी नीतिलाई परिष्कृत गर्दै लैजानुपर्ने आवश्यकता छ । यस नीति अन्तर्गत पर्ने वर्गलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**५. निजामती सेवा प्रवेश गर्न इच्छुक परीक्षार्थीहरुको लागि केही सुझावहरु भए बताइ दिनुहोस् ।**

**सृजना रेग्मी** ☞ निजामती सेवामा प्रवेश गर्ने इच्छुक परीक्षार्थीहरुलाई म के आग्रह गर्न चाहन्छु भने पैसा कमाउने इरादा लिएर शासन र सत्ताको दुरुपयोग गर्छु र शक्तिशाली बन्छु र चाक्डी चापलुसी गरेर फाइदा लिन्छु भन्ने धारणा लिएर निजामती सेवामा प्रवेश नगर्नुहोला । निजामती प्रशासनमा विद्यमान विकृति र विसङ्गति हामी जस्तो नयाँ पिँढीले हटाउनुपर्छ भन्ने धारणा लिएर प्रवेश गर्नुहोला । सुधार अरुमा खोज्ने भन्दा पनि आफूबाट शुरु गर्नु पर्दछ भन्ने कुरालाई मूलमन्त्र मान्नुहोला । ढुक्क भएर अध्ययन गर्नुहोस् । ढुक्क भएर परीक्षा दिनुहोस् । परीक्षामा असफल हुँदैमा सर्वस्व गुम्छ भन्ने मानसिकताबाट पनि मुक्त रहनुहोस् ।

**मनिष मानन्धर** ☞ अथक मेहनत, कडा परिश्रम, नियमित अध्ययन, आत्मविश्वास, निरन्तर प्रयास जस्ता कुराहरू नै सफलताका कुञ्जी हुन् । पत्र-पत्रिका अध्ययन, हरेक विषयमा जिज्ञासा रुचि राख्नुपर्छ । असफलता नै सफलताको सिंढी हो भन्ने कुरा बिर्सनु हुँदैन ।

**सञ्जयकुमार साह** ☞ निजामती सेवा नेपालको प्रतिष्ठित सेवा हो । देश र जनताको सेवा गर्न निजामती सेवा एउटा उत्तम विकल्प हुनुका साथै यसमा Career opportunity पनि रहेको छ । त्यसैले मेरो विचारमा परीक्षार्थीहरुले निम्न कुरामा ध्यान दिन सके राम्रो हुनेछ :

- सबैभन्दा महत्वपूर्ण कुरा भनेको नियमित अध्ययन गर्ने ।
- सबैको आ-आफ्नो क्षमता हुने गर्दछ, त्यसैले आफ्नो क्षमतामा विश्वास राखी नआत्तिकन अध्ययनलाई जारी राख्ने ।
- घोकेर पढ्नुभन्दा बुझेर पढ्ने, जसले गर्दा विश्लेषणात्मक क्षमताको विकास गर्न सकिन्छ । केही बुँदाहरु सम्झिनु पर्ने हुन्छ जसका लागि सानो formula बनाएर पढ्न सकिन्छ ।
- अन्त्यमा, Open minded भएर धैर्यतापूर्वक अध्ययन गर्न सके अवश्य पनि सफलता हासिल हुन्छ ।

**निर्मल परियार** ☞ लोकसेवा आयोगद्वारा लिइने परीक्षामा सवभन्दा महत्वपूर्ण परीक्षाको प्रस्तुती नै हो । पहिलो कुरा परीक्षामा समय व्यवस्थापन गर्नुपर्छ । साथसाथै रुटिन बनाएर पढ्ने, लेख्ने अभ्यास अधिकतम गर्ने गर्नुपर्छ । नवीनतम घटनाक्रमबारे अप टु डेट हुने, सटिक, शुद्ध, सरल भाषामा लेखिएका उत्तरलाई नै मूल्याङ्कनकर्ताले बढी मन पराउने कुरामा विश्वस्त हुनुहोस् । निरन्तर प्रयास गरेर मात्र लोकसेवा आयोगद्वारा लिइने परीक्षामा सफलता प्राप्त गर्न सकिन्छ । मेहनत र लगनशीलता, लगाव र धैर्यता अत्यावश्यक कुराहरु हुन् । जुनसुकै विषयको Strength, Weakness, Opportunity, Threats (SWOT) Analysis) गरेर विश्लेषणात्मक उत्तर दिनसक्ने भएमा अत्यन्त राम्रो हुन्छ । लेखनसीप, समय व्यवस्थापन, प्रस्तुतीकरण नभई नहुने सीपहरु अन्तर्गत यी पक्षहरुलाई गहनतम रुपले ध्यान दिनु पर्दछ ।

**६. लोक सेवा आयोगले दरखास्त संकलन, परीक्षा सञ्चालन लगायतका विषयमा आवेदकहरुलाई सहज वातावरण तय गर्न के गर्नु पर्ला जस्तो लाग्दछ ?**

**सृजना रेग्मी** ☞सुधारको अपेक्षा जहाँसुकै, जहिलेसुकै पनि रहन्छ । यो अत्यन्त स्वभाविक पक्ष हो । मेरो स्तरबाट भन्नु पर्दा फाराम भर्ने बेलामा धेरै समय लामो लाइनमा बस्नु पर्ने परिपाटीको अन्त्य गर्नका लागि फाराम बुझाउने अवधिभर विभिन्न ठाउँमा केन्द्र उपकेन्द्र राख्ने व्यवस्था भएमा वा फाराम डाउनलोड गरेर निकाल्न सकिए जस्तै आवश्यक दस्तुर बुझाएर अनलाइन बाटै फाराम बुझाउन सक्ने परिपाटी बसाउन सकेमा परीक्षार्थीहरुलाई थप सुविधा पुग्न सक्दथ्यो जस्तो लाग्दछ ।

**मनिष मानन्धर** ☞ अनलाईन दरखास्त संकलन प्रक्रिया थाल्नुपर्छ । अर्को वर्षदेखि यो प्रक्रिया शुरु हुने कुरा सुनेको छु । मेरो अनुभवमा प्रथम पत्र (प्रारम्भिक परीक्षा) को समय कम भयो । प्रारम्भिक परीक्षाको परीक्षाफल प्रकाशन भएपछि र दोस्रो, तेस्रो, चौथो परीक्षा अगाडिको समय दुई महिना जति भए परीक्षा तयारीमा मद्दत पुग्दछ ।

**सञ्जयकुमार साह** ☞ दरखास्त संकलन कार्य Online गरिनु पर्दछ । जसले गर्दा लामो लाइन बस्नुपर्ने वा दरखास्त संकलन केन्द्रमा धाउनुपर्ने झंझटबाट आवेदकहरुले छुटकारा पाउन सक्दछन् साथै प्रत्येक वर्ष दरखास्त फाराम भर्दा सर्टिफिकेटका Photo copy बुझाउनुको सट्टा एक पटक बुझाएपछि अर्को वर्षहरुको लागि समेत पुग्ने व्यवस्था गरिनु पर्छ । हाल क्षेत्रीय निर्देशनालयहरु तथा केन्द्रिय कार्यालय स्तरमा संचालन गरिएको परीक्षालाई निरन्तरता दिदै कार्यतालिका अनुसार समयमै परीक्षाफल आउने व्यवस्था गरिनु पर्छ ।

**निर्मल परियार** ☞ लोकसेवा आयोगले नवीनतम प्रविधिको प्रयोग गरी अनलाइन प्रविधिमार्फत् दरखास्त फाराम संकलन गरिनुपर्दछ । यस प्रविधिले छिटो र छरितो रुपमा परीक्षा संचालन एवं आवेदकलाई पनि सहज गराउँदछ । दुरदराजमा रहेको योग्य उम्मेदवारले घरै बसी बसी फाराम भर्ने व्यवस्था मिलाएमा निजामती सेवामा अझ बढी व्यक्तिहरु प्रवेश गर्ने सम्भावना रहन्छ ।

## सूचनामूलक लेख

## आयोगको सूचना तथा प्रकाशन शाखाका उप सचिव श्री गीता कुमारी होमेगाइ र शाखा अधिकृत श्री सूर्य प्रसाद सापकोटाले लोक सेवा आयोगको विज्ञापन र परीक्षाका बारेमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

१. **निजामती सेवा भनेको के हो ? यसमा के कस्ता सेवाहरु रहेका छन् ?**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ अन्तर्गत स्पष्टीकरणमा "सैनिक अधिकृत वा जवान र सशस्त्र प्रहरी वा प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पद बाहेक नेपाल सरकारका अरु सबै सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ" भनी उल्लेख गरिएको छ साथै निजामती सेवा ऐन, २०४९ को दफा ३ बमोजिम गठन भएका सेवालाई निजामती सेवा भनिन्छ । ती सेवाहरु निम्नानुसार छन् :-

| | |
|---|---|
| • नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा | • नेपाल इञ्जिनियरिङ्ग सेवा |
| • नेपाल कृषि सेवा | • नेपाल न्याय सेवा |
| • नेपाल परराष्ट्र सेवा | • नेपाल प्रशासन सेवा |
| • नेपाल लेखापरीक्षण सेवा | • नेपाल वन सेवा |
| • नेपाल विविध सेवा | • नेपाल शिक्षा सेवा |

सोही ऐनको दफा १६(३) अनुसार परीक्षण काल र दफा १० को उम्मेदवार हुनको लागि अयोग्यता को प्रयोजनको लागि "निजामती सेवा भन्नाले संसद सेवा र नेपाल स्वास्थ्य सेवा समेतलाई बुझाउँदछ" भन्ने व्यवस्था रहेको छ ।

२. **निजामती सेवामा कुन-कुन आधारबाट पदपूर्ति गरिन्छ ?**

सेवा सम्बन्धित ऐन, नियमावलीमा व्यवस्था भए अनुसार निजामती सेवामा पदपूर्ति मुख्यतः दुई आधारमा गरिन्छः खुला प्रतियोगिता र बढुवाद्वारा ।

(क) **खुला प्रतियोगिता** : सार्वजनिक रुपमा विज्ञापन आह्वान गरी सेवा प्रवेश गर्न इच्छुक र योग्य उम्मेदवारहरुलाई खुला तथा समावेशी आधारमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने व्यवस्था खुला प्रतियोगिता हो ।

(ख) **बढुवा** : बढुवा भन्नाले सेवा, समूहभित्र निकटतम तल्लो पदमा कार्यरत कर्मचारीहरुमध्येबाट नै प्रतियोगितात्मक लिखित परीक्षा एवं सेवा, समूहसँग सम्बन्धित ऐन, नियमावलीमा व्यवस्था भएबमोजिमका आधारहरु बमोजिम कार्यक्षमता/ज्येष्ठता र कार्यसम्पादन तथा अनुभव आदिको आधारमा पदपूर्ति हुने व्यवस्था हो । यस अन्तर्गत देहायका आधारहरु उल्लेख गरिएका छन् :-

(अ) **आन्तरिक प्रतियोगिता** : एउटै सेवा, समूह भित्रका, निकटतम तल्लो पदमा सेवारत कर्मचारीहरुमात्र उम्मेदवार हुन पाउने गरी विज्ञापन आह्वान गरी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने व्यवस्था नै आन्तरिक प्रतियोगिता हो । खुला र आन्तरिक प्रतियोगिताद्वारा पूर्ति हुने पदहरुमा प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन हुने गर्दछ ।

(आ) **ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन** : सम्बन्धित सेवा समूह भित्र सेवारत कर्मचारीहरुको सेवा अवधि तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा फाइल बढुवाद्वारा पदपूर्ति हुने व्यवस्था नै ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवा हो ।

(इ) **कार्यक्षमताको मूल्याङ्कन** : सम्बन्धित सेवा समूह भित्र सेवारत कर्मचारीहरुको कार्यसम्पादन सम्वद्ध कार्यक्षमताको मूल्याङ्कनको आधारमा फाइल बढुवाद्वारा पदपूर्ति हुने व्यवस्था नै कार्य क्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवा हो ।

(ई) **कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा** : सेवाभित्र कार्यरत कर्मचारीहरुबाट शैक्षिक योग्यता, अनुभव, लगायतका विभिन्न आधारमा गरिने बढुवा यस अन्तर्गत पर्दछ ।

उपरोक्तानुसार उल्लेख गरिएका आधारहरुमा निजामती सेवा ऐन, २०४९ अनुसार निजामती सेवाको पदहरुमा खुला र बढुवातर्फ कार्यक्षमताको मूल्याङ्कनद्वारा आन्तरिक प्रतियोगितात्मक परीक्षा र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति गरिन्छ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार स्वास्थ्य सेवाका पदहरुमा र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन २०६४, अनुसार व्यवस्थापिका संसद सेवाका पदहरुमा खुला र बढुवातर्फ कार्यक्षमताको मूल्याङ्कन, आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा पदपूर्ति गरिन्छ ।

**३. आयोगको विज्ञापन र विज्ञापनमा उल्लेखित सेवा, समूहका पदमा दरखास्त दिनुपूर्व कुन कुन कुरामा ध्यान दिनुपर्दछ ?**

आयोगबाट वार्षिक कार्यतालिकामा निर्धारण भए बमोजिमका आधारमा विभिन्न श्रेणी/तह, सेवा, समूह, उपसमूहका पदका लागि विज्ञापन प्रकाशन गर्ने गरिन्छ । यसरी प्रकाशित भएका विज्ञापनका विषयमा दरखास्त दिने उम्मेदवारहरुले पर्याप्त जानकारी राख्ने र विज्ञापनमा उल्लेखित विषयलाई गहन तवरले आद्योपान्त अध्ययन गर्नु अत्यावश्यक हुन्छ । दरखास्त पेश गर्नुपूर्व ध्यान पुऱ्याउनु पर्ने मुख्य मुख्य विषयहरु देहायअनुसार छन्ः

- सर्वप्रथम दरखास्त दिने सम्बन्धमा कुन पदको विज्ञापन कुन समयमा हुन्छ भन्ने विषयमा जानकारी राख्ने । यस्तो जानकारी आयोगको website: www.psc.gov.np मा रहेको वार्षिक कार्यतालिकाबाट पाउन सकिन्छ । कार्यतालिका स्वीकृत भएपछि आर्थिक वर्षको शुरु महिनामै गोरखापत्रमा पनि प्रकाशित गरिन्छ । साथै आयोगबाट हुने प्रकाशनहरुमा पनि समावेश गरिएको हुन्छ ।
- विज्ञापन खुलेपछि विज्ञापनमा उल्लेखित देहायका विवरणलाई सुक्ष्म रुपमा अध्ययन गर्नुपर्दछ :
  - दरखास्त दिनको लागि न्यूनतम/अधिकतम उमेरहद र उमेरहद नलाग्ने भएमा के कस्तो आधार हो ।
  - निर्धारित सेवा समूह, उपसमूह, श्रेणीलाई आवश्यक शैक्षिक योग्यता (न्यूनतम, अधिकतम) ।
  - विशेष योग्यता (कुनै विशेष विषयको आवश्यकता, अनुभव चाहिने/नचाहिने) ।
  - दरखास्त दिन पाउने (शुरु, अन्तिम र दोब्बर दस्तुर सहितको) मिति
  - परीक्षा मिति र समय
  - परीक्षा केन्द्र
  - परीक्षाका लागि आवश्यक दस्तुर
  - पाठ्यक्रम
  - दरखास्त पेश गर्ने स्थान
  - खुलेको विज्ञापनमा कुन कुन स्थानबाट दरखास्त फाराम भर्न सकिन्छ
  - आफूले दरखास्त दिने विज्ञापन, सेवा समूहका हकमा आवश्यक पर्ने कागजातहरु के के हुन निर्क्यौल गरी सो को व्यवस्थापन गर्ने ।
  - विज्ञापन/सूचनामा आफू उम्मेदवार हुनका लागि कुनै विशेष कागजात आवश्यक पर्छ/पर्दैन ?

  जस्तै : समावेशी समूहमा आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र आदि स्पष्ट हुने आधारहरु, आवश्यक पर्ने अन्य कुनै सिफारिशहरु ।
  - प्रकाशित विज्ञापनमा दिएका सूचनाहरु विशेष अवस्थामा विचविचमा परिवर्तन समेत हुन सक्ने भएकाले दरखास्त फाराम भरिसकेपछि पनि आयोगको वेवसाइट, प्रकाशन एवं आयोगबाट सूचना प्रकाशन हुने अन्य माध्यमहरु समय-समयमा हेरी सूचित हुनुपर्दछ ।

**४. आयोगबाट हुने विज्ञापनहरुमा दरखास्तको लागि सम्भाव्य उम्मेदवार हुनका लागि उमेरको हदसम्बन्धी कस्तो व्यवस्था गरिएको छ ? यसलाई कसरी गणना गरिन्छ ?**

**उम्मेदवारहरुको उमेरको गणना सेवागत रुपमा फरक फरक हुने भएकोले संक्षेपमा देहायबमोजिम उल्लेख गरिएको छ ।**

**१) निजामती सेवा र व्यवस्थापिका-संसद सेवा तर्फ**

<u>**दरखास्त दिनको लागि सम्भाव्य उमेर गणनाः** (खुलातर्फ)</u>

**(क) राजपत्र अनंकित श्रेणी र श्रेणीविहीन तर्फका पद (जस्तैः खरिदार, नायब सुब्बा वा सो सरह)**

दरखास्त दिने अन्तिम मितिसम्म न्यूनतम उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)

**(ख) राजपत्रांकित तर्फका पद (जस्तैः शाखा अधिकृत, उपसचिव र सहसचिव वा सो सरह)**

दरखास्त दिने अन्तिम मितिसम्म न्यूनतम उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको) तर उपसचिव र सहसचिवको पदका लागि खुलातर्फको हकमा अधिकतम उमेरको हद ४५ वर्ष तोकिएको छ ।

२) स्वास्थ्य सेवा तर्फ : सहायकस्तरका पद (तह ४ र ५) को लागि न्यूनतम १८ वर्ष र अधिकतम ४५ वर्ष तोकिएको छ भने अधिकृतस्तरका पद (तह ६ देखि माथि) को लागि न्यूनतम २१ वर्ष र अधिकतम ४५ वर्ष तोकिएको छ ।

निजामती सेवा, व्यवस्थापिका संसद सेवा तथा स्वास्थ्य सेवामा स्थायी बहालवाला कर्मचारीको हकमा उमेरको हद नलाग्ने व्यवस्था

गरिएको छ । यस्ता कर्मचारीले दरखास्तसाथ आफू स्थायी रुपमा कार्यरत रहेको प्रमाण पुग्ने कागजात पेश गर्नु पर्दछ । दरखास्त फाराममा पनि सो सम्बन्धी विवरण भरी सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराउनु पर्दछ ।

**५. संयुक्त र एकीकृत परीक्षा प्रणाली तथा एउटै प्रश्नपत्रबाट लिखित परीक्षा सञ्चालन हुने पदहरुमा एकैसाथ खुला, समावेशी लगायत धेरै पदमा सफल उम्मेदवारको एकपटक मात्र सीप परीक्षण तथा अन्तर्वार्ता लिनुको कारण के हुन सक्छ?**

संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत सो पदसँग सम्वद्ध विभिन्न सेवा, समूह, उपसमूहका उम्मेदवारको लिखित परीक्षा पनि एकै पटक लिइएको हुन्छ । खुला एवं विभिन्न समावेशी समूहमा लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट हुने उम्मेदवारहरु अलग अलग समूहको लागि छुट्टाछुट्टै सीप परीक्षण र अन्तर्वार्ता लिँदा एक वा एकभन्दा बढी विज्ञापनका समूहमा छनौट भएका उम्मेदवारलाई पटक पटक एउटै विषयमा अन्तर्वार्ता दिनु पट्यारलाग्दो हुन सक्दछ र पटकपटक लिनु श्रम, समय, लागत लगायतका दृष्टिकोणबाट उपयुक्त हुँदैनन् । त्यसैले एक पटक लिखित परीक्षा भएकामा एउटै उम्मेदवार एकभन्दा बढी (खुला तथा समावेशी) समूहमा लिखित परीक्षामा सफल भएको खण्डमा निजको सीप परीक्षण र अन्तर्वार्ता एकपटक मात्र गरी सो वापत प्राप्त अंकलाई निज सफल भएको प्रत्येक समूह (खुला तथा समावेशी) मा राखी गणना गरी योग्यताक्रम कायम गर्ने गरी आयोगबाट निर्णय भई कार्यान्वयनमा आएको हो ।

**६. संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत ऐच्छिक विषय भनेको के हो ? शैक्षिक योग्यताको मूल विषय र ऐच्छिक विषयमा के फरक छ ?**

संयुक्त र एकीकृत परीक्षा प्रणाली अवलम्बन गरिएका अप्राविधिक तर्फका राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह र राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहका पदका लागि निर्धारित पाठ्यक्रममा ऐच्छिक विषयका रुपमा राखिएका नायब सुब्बा स्तरको पदतर्फ ९ वटा र शाखा अधिकृत स्तरको पदतर्फ १८ वटा विषयलाई ऐच्छिक विषय भनिन्छ । ती मध्ये कुनै एक विषय छनौट गरी उम्मेदवारले सो विषयमा परीक्षा दिन पाउँदछन् । शैक्षिक योग्यताको मूल विषय, उच्च माध्यमिक शिक्षा परिषद् तथा विश्वविद्यालयले तोके अनुसारका विभिन्न संकाय भित्रका विभिन्न विषयहरु हुन सक्दछन् । तर आयोगको ऐच्छिक विषयहरु तत् पाठ्यक्रमले निर्धारण गरे अनुसारका मात्र हुने गर्दछन् । यी विषयहरुको छुट्टै पत्रका रुपमा परीक्षा सञ्चालन गरिन्छ ।

ऐच्छिक/प्राज्ञिक विषय भनेको शैक्षिक योग्यतामा पढेको कुनै विषयलाई आधार बनाई लिनुपर्ने विषय होइन । आफूले शैक्षिक योग्यतामा नभएका विषयलाई पनि ऐच्छिक/प्राज्ञिक विषयका रुपमा लिन सकिन्छ । राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह र राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहको पाठ्यक्रममा देहायबमोजिम ऐच्छिक विषयहरु पाठ्यक्रममा समाविष्ट छन् :-

| नायब सुब्बा वा सो सरह पदका लागि (९ वटा) | | शाखा अधिकृत वा सो सरह पदका लागि (१८ वटा) | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विषय (Subject) | क्र.सं. | माध्यम भाषा नेपाली र अंग्रजी दुवै हुने विषयहरु | क्र.सं. | माध्यम भाषा अंग्रजीमात्र हुने विषयहरु |
| ०१ | लेखा (Accountancy) | ०१ | Account & Finance | ०१ | Agriculture |
| ०२ | जीव विज्ञान (Biology) | ०२ | Economics | ०२ | Botany |
| ०३ | रसायनशास्त्र (Chemistry ) | ०३ | Education | ०३ | Engineering |
| ०४ | अर्थशास्त्र (Economics) | ०४ | Law | ०४ | Environmental science |
| ०५ | शिक्षाशास्त्र (Education) | ०५ | Political Science | ०५ | Forestry |
| ०६ | व्यवस्थापन (Management) | ०६ | Population studies | ०६ | Health science |
| ०७ | भौतिकशास्त्र (Physics) | ०७ | Public Administration | ०७ | Microbiology |
| ०८ | राजनीतिशास्त्र (Political Science) | ०८ | Sociology & Anthropology | ०८ | Physics |
| ०९ | जनसंख्या अध्ययन (Population Studies) | | | ०९ | Zoology |
| | | | | १० | Chemistry |

**७. सामूहिक परीक्षण भनेको के हो ? कुन कुन पदमा त्यस्तो परीक्षण लिने गरिन्छ ? यसका आधारहरु के के हुन् ?**

सामूहिक परीक्षण उम्मेदवारको समूहमा काम गर्दा उसले व्यक्त गर्ने विभिन्न गुणहरुको परीक्षण गर्ने पद्धति हो । यसमा उम्मेदवारले समूहमा देखाउने हाउभाउ, वस्तुस्थितिको अध्ययन, तर्कक्षमता, नेतृत्व क्षमता, प्रस्तुतीकरण आदिको परीक्षण गरिन्छ । हाल अप्राविधिक तर्फ राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहका पदहरुमा मात्र यस किसिमको परीक्षण गर्ने व्यवस्था लागू गरिएको छ । यसलाई पुरानो पाठ्यक्रममा सामूहिक छलफल भनी लिने गरिएकोमा हाल सामूहिक परीक्षणका रुपमा सञ्चालन गर्ने गरिएको छ । यसको पूर्णाङ्क १० रहेको छ । सामूहिक परीक्षण मूल्याङ्कन देहायका १० वटा आधारहरुमा गर्ने गरिन्छ :-

- समस्या पहिचान गर्न सक्ने क्षमता/सुझबुझ (Grasping Power)
- बुद्धिको तीक्ष्णता (Intellectual Sharpness)
- सार्थकता र सिर्जनशीलता (Liveliness and Creativity)
- अभिव्यक्ति क्षमता (Power of Expression)
- आत्मविश्वास (Self-Confidence)
- व्यक्तिगत सहभागिता (Individual Participation)
- सामूहिक कार्य (Team Work)
- निर्णय लिने शक्ति (Decision Making Capacity)
- समस्या समाधानको क्षमता (Problem Solving Ability)
- समय व्यवस्थापन (Time Management)

**८. पहिलो चरणको परीक्षा भनेको के हो ? कुन–कुन पदमा यस्तो परीक्षाको व्यवस्था गरिएको छ ?**

कुनै पदमा मूल परीक्षा दिनु अगावै सो परीक्षा दिन योग्य उम्मेदवार हुनका लागि दिइने परीक्षा नै पहिलो चरणको परीक्षा हो । विगतमा प्रारम्भिक परीक्षाको रुपमा शाखा अधिकृत अप्राविधिकतर्फका पदहरुको लागि यस्तो परीक्षा सञ्चालन गरिँदै आइएको थियो । उक्त प्रारम्भिक परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीले मात्रै मूल परीक्षामा सहभागी हुन पाउने व्यवस्था भए पनि पहिला समावेशी समूहमा परीक्षा दिनलाई प्रारम्भिक परीक्षा उत्तीर्ण गर्नुपर्ने बाध्यता थिएन । साथै प्रारम्भिक परीक्षाको प्राप्ताङ्क मूल परीक्षामा गणना नहुने व्यवस्था रहेको थियो भने एकपटक प्रारम्भिक परीक्षा उत्तीर्ण गरेको खण्डमा २ वर्षसम्म सोहीबाट मूल परीक्षामा सहभागी हुन सकिन्थ्यो । हाल उक्त व्यवस्थालाई पहिलो चरणको परीक्षाको रुपमा सञ्चालन गर्ने गरिएको छ । २०० पूर्णाङ्क रहेको उक्त परीक्षामा १०० वटा बहुबैकल्पिक प्रश्नहरु रहने हुन्छन् । यो परीक्षा उत्तीर्ण हुनका लागि ५०% प्राप्ताङ्क प्राप्त गर्नुपर्ने व्यवस्था छ भने प्राप्त भएको अंकको २०% अंकभार सो पछिको लिखित परीक्षामा समावेश गरी योग्यताक्रम तयार गरिन्छ । उम्मेदवारको संख्या बढ्दै गएको परिप्रेक्ष्यमा परीक्षालाई व्यवस्थित गर्न यस्तो परीक्षा लिने गरिएको हो ।

**९. लोक सेवा आयोगद्वारा हुने समावेशी समूहबाट पूर्ति हुने अपाङ्गतर्फका पदको विज्ञापनमा उम्मेदवार हुनका लागि पेश गर्नुपर्ने अपाङ्गता परिचय प्रमाणपत्र के हो ? यो कसरी जारी हुन्छ ?**

अपाङ्गता परिचयत्र पत्र अपाङ्गता भएकाहरुका लागि सरकारी तथा गैरसरकारी निकायद्वारा प्रदान गरिने सेवा, सुविधा, विशेष प्राथमिकता, सहुलियत, आरक्षण लगायत अन्य अवसर उपयोगका लागि प्रदान गरिने आधार हो ।

यसको वितरण महिला तथा बालबालिका कार्यालयहरुबाट निःशुल्क रुपमा गरिन्छ । यो प्रमाणपत्र परिचयपत्र सिफारिशका लागि जारी निर्देशिकाका आधारमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्ला विकास समितिको योजना अधिकृत, जिल्ला जनस्वास्थ्य अधिकृत, राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा आवद्ध संघसंस्थाका प्रतिनिधि वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि, सदस्य एवं महिला विकास अधिकृत सदस्य रहने गरी पाँच सदस्यीय अपाङ्गता परिचयपत्र सिफारिश समिति रहेको हुन्छ । यस्तो समितिले परिचयपत्रका लागि पर्न आएका निवेदनहरु छानविन गरी समाजकल्याण अधिकृत समक्ष सिफारिश गर्ने गर्दछ । अपाङ्गता परिचयपत्र प्राप्त गर्न गाउँ विकास समितिहरुको सिफारिश, जन्म दर्ता वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अपाङ्गता देखिने तीन प्रति फोटो र आवश्यक परेको खण्डमा सम्बन्धित चिकित्सकको सिफारिश पेश गर्नुपर्छ ।

यसरी अपाङ्गता भएका व्यक्तिहरुलाई जारी गरिने परिचयपत्र अपाङ्गताको मात्राको आधारमा गरिएको वर्गीकरणलाई मुख्य मापदण्ड बनाइ चार समूहका परिचयपत्रहरु वितरण गरिन्छ । जसमा पूर्ण अशक्त अपाङ्गताको परिचयपत्र रातो रंगमा सुनौला अक्षरले स्पष्ट हुने गरी, अति अशक्त अपाङ्गता परिचयपत्र नीलो रंगमा सुनौलो अक्षरले स्पष्ट पहिचान हुने गरी, सामान्य अपाङ्गता परिचयपत्र, मध्यम अपाङ्गता परिचयपत्र पहेंलो रंगमा नीलो अक्षरले स्पष्ट पहिचान हुने गरी र सामान्य अपाङ्गताको परिचयपत्र सेतो रंगमा कालो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिन्छ । परिचयपत्र वितरणको अनुगमन अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिले गर्नेछ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको सार्वजनिक निकायहरुले गर्नु पर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>व्यवस्था</th></tr>
<tr><td>१.</td><td>निकायको स्वरुप र प्रकृति</td><td>संवैधानिक निकाय</td></tr>
<tr><td>२.</td><td>निकायको काम, कर्तव्य र अधिकार</td><td>नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ मा व्यवस्था भए बमोजिम ।</td></tr>
<tr><td>३.</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td>विभिन्न पदका ३७७ जना (राजपत्रांकित श्रेणीतर्फ १२५, राजपत्र अनंकित श्रेणीतर्फ १६८ र श्रेणीविहीनतर्फ ८४), कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।</td></tr>
<tr><td>४.</td><td>निकायबाट प्रदान गरिने सेवा</td><td>माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तवार्ता, छनौट तथा सिफारिश, संविधान ऐन नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि ।</td></tr>
<tr><td>५.</td><td>सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी</td><td>
<table>
<tr><th>क्र.सं</th><th>महाशाखा र महाशाखा प्रमुखको नाम</th><th>शाखाहरुको नाम</th><th>शाखा प्रमुखहरुको नाम</th></tr>
<tr><td rowspan="5">१</td><td rowspan="5">परीक्षा महाशाखा<br>सहसचिव<br>श्री नारायणप्रसाद शर्मा दुवाडी</td><td>क) परीक्षा संचालन शाखा (प्राविधिक)</td><td>श्री इश्वरीप्रसाद अर्याल</td></tr>
<tr><td>ख) परीक्षा संचालन शाखा (अप्राविधिक)</td><td>श्री जगन्नाथ बराल</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक)</td><td>श्री रेणु श्रेष्ठ</td></tr>
<tr><td>घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक)</td><td>श्री सूर्यनाथ कोईराला</td></tr>
<tr><td>ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>श्री बासुदेव गुरागाईं</td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा<br>सहसचिव<br>श्री लोकहरि पाण्डे</td><td>क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक)</td><td>श्री टेकनाथ शर्मा पौडेल</td></tr>
<tr><td>ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक)</td><td>श्री जानकी राम शर्मा बराल</td></tr>
<tr><td>ग) अन्तर्वार्ता तथा सिफारिश शाखा</td><td>श्री ज्ञानेश्वर भट्टराई</td></tr>
<tr><td rowspan="4">३</td><td rowspan="4">प्रशासन तथा योजना महाशाखा<br>सहसचिव<br>श्री लोकहरि पाण्डे</td><td>क) प्रशासन शाखा</td><td>श्री रमेश मैनाली</td></tr>
<tr><td>ख) सूचना तथा प्रकाशन शाखा</td><td>श्री गीताकुमारी होमेगाईं</td></tr>
<tr><td>ग) आर्थिक प्रशासन शाखा</td><td>श्री दिपक लामिछाने</td></tr>
<tr><td>घ) योजना तथा समन्वय शाखा</td><td>श्री मनोहरप्रसाद खनाल</td></tr>
<tr><td rowspan="2">४</td><td rowspan="2">परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा<br>वरिष्ठ मनोविज्ञानवेत्ता<br>श्री अशोककुमार झा</td><td>क) परीक्षण प्रविधि तथा अनुसन्धान शाखा</td><td>श्री खगेन्द्र प्रसाद सुवेदी</td></tr>
<tr><td>ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा</td><td>श्री कृष्ण जि.सी.</td></tr>
<tr><td rowspan="2">५</td><td rowspan="2">कानून महाशाखा<br>सहसचिव<br>श्री रुद्र प्रसाद सिटौला</td><td>क) नीति नियम तथा अभिलेख शाखा</td><td>श्री सन्तोष दाहाल</td></tr>
<tr><td>ख) वढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखा</td><td>श्री कोमलनाथ आचार्य</td></tr>
</table>
</td></tr>
<tr><td>६.</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td>कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडा पत्रमा उल्लेख गरिएको ।</td></tr>
</table>


*Don't fight the problem. Decide it.* *- George C. Marshall*
*The important thing is not to stop questioning.* *- Albert Einstein*

| | | |
|---|---|---|
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिव, सचिव, आयोगका सदस्य, अध्यक्ष तथा आयोग, सम्बन्धित अदालत |
| ९. | सम्पादन गरेको कामको विवरण | परीक्षा सञ्चालन, उपयुक्त उम्मेदवारको छनौट, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्त, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान, सूचना प्रकाशन आदि विषयमा परामर्श प्रदान |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | प्रमुख अध्यक्ष डा. कयोदेवी यमी<br>सचिव श्री विष्णु प्रसाद लम्साल<br>सूचना अधिकारी - उपसचिव श्री गिता कुमारी होमेगाई,<br>सहायक सूचना अधिकारी - शाखा अधिकृत श्री सूर्य प्रसाद सापकोटा |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको अन्तरिम संविधान, २०६३<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको निरीक्षण निर्देशिका, २०५१<br>– लोक सेवा आयोगको कार्य पद्दति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासनसम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण | Information and Communication Technology Development Project सञ्चालनमा रहेको । सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य । |
| (ख) | सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np , हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (अवस्था अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

# केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

**राजपत्रांकित तथा राजपत्र अनंकित श्रेणी/तहका पदहरुको पदपूर्ति सम्बन्धी आ.व. २०७१/७२ को वार्षिक कार्यतालिका**

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा — प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा — द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | मंसीर/पुस | पुस अन्तिम बुधबार | बैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | खुला र आ.प्र.द्वारा | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।